# लालबन्दी नगरपालिका

# विपन्न सहायता कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मिति :- २०७४/१२/२१

## लालबन्दी नगरपालिका

**लालबन्दी, सर्लाही**

**२ नं. प्रदेश, नेपाल**

# लालबन्दी नगरपालिका
# विपन्न सहायता कोष स्थापना र संचालन सम्बन्धी
# कार्यविधि, २०७४

**१. प्रस्तावना** :- लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि न्यूनतम सहयोग गर्न विपन्न सहायता कोष स्थापना र संचालन सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले लालबन्दी नगर कार्यपालिकाले अर्को कानूनी व्यवस्था नभए सम्मका लागि लालबन्दी नगरपालिका, नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३ बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस कार्यविधिको नाम "लालबन्दी नगरपालिका विपन्न सहायता कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ । यस अघि नगर कार्यपालिकाको कार्यालयबाट गरिएको सहयोग यसै बमोजिमको मानिनेछ ।

**२. परिभाषा :-** विषय प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "नगरपालिका" भन्नाले लालबन्दी नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले लालबन्दी नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "विपन्न सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ ।

(घ) "नगर प्रमुख" भन्नाले लालबन्दी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "न्यायिक समिति" भन्नाले लालबन्दी नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(च) "उप प्रमुख" भन्नाले लालबन्दी नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालबन्दी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) "वडा अध्यक्ष " भन्नाले लालबन्दी नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "कोष" भन्नाले लालबन्दी नगरपालिकाको प्रथम नगर सभाले पारित गरेको बजेट तथा कार्यक्रम, विनियोजन ऐन, २०७४ द्धारा विनियोजित रकमको आधारमा स्थापना गरिएको नियम ९ बमोजिमको कोष सम्झनु पर्दछ ।

(ञ) "संचालक समिति" भन्नाले नियम १० बमोजिमको संचालक समिति सम्झनु पर्दछ ।

(ट) " संचालन समिति प्रतिनिधी" भन्नाले नियम ११ (घ) बमोजिमको पदाधिकारी वा संयन्त्र संचालक समिति प्रतिनिधी सम्झनु पर्दछ ।

## परिच्छेद - २

## विपन्न सहायता सम्बन्धि मापदण्ड

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :-** (१) विपन्न सहायता पाउन योग्य दिर्घ रोगी(मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क लगाएतका जटिल प्रकृतिका रोग) तथा क्यान्सर पीडित व्यक्तिले यस अघि कुनै सरकारी, गैर सरकारी संघ संस्थाबाट सहयोग प्राप्त नगरेको व्यहोरा खुलाई विपन्न सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) नियम ३(१) बमोजिम प्राप्त निवेदन माथि सम्बन्धित वडा समितिले आवश्यक छलफल गरी निवेदकको व्यहोरा यथार्थ परक एवं वस्तुनिष्ठ देखिएमा नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्थाबाट सहयोग नपाएको वा अति न्यून पाएकालाई आर्थिक सहायता दिन तथा विरामीको अवस्था हेरी सम्बन्धित निकायबाट निःशुल्क उपचार गर्नको लागि समेत नगर प्रमुख समक्ष सिफारिस गर्न सकिनेछ ।

(३) नियम ३(२) बमोजिमको सिफारिस वा उक्त उल्लिखित व्यहोरा आफैंले प्रमाणित गरी त्यस्ता विपन्न व्यक्तिलाई नगर प्रमुखले अधिकतम रु.पाँच हजार रुपैंया सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता :-** (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि आवश्यक व्यवस्थापन गर्न वा न्यायिक समितिको काम कार्वाहीको क्रममा आई परेको विशेष परिस्थितिमा न्यायिक

समितिले पीडितलाई न्याय दिलाउन एवं. पुनर्स्थापनाको लागि नगर प्रमुख समक्ष सहायताको सिफारिस गर्न सक्नेछ ।

(२) नियम ४(१)  को सिफारिसको आधारमा त्यस्ता व्यक्तिलाई नगर प्रमुखले अधिकतम रु. पाँच हजार रुपैँया सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :-** (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि सम्बन्धित वडा अध्यक्षको प्रमाणित एवं सिफारिस बमोजिम नगर कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) नियम ५(१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको लागी संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ।

**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता :-** (१) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवं. सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा  सम्बन्धित वडा अध्यक्षको प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसको आधारमा नगर प्रमुखले अधिकतम रु.पाँच हजार सम्मको खर्च रकम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । तर दुई पटकभन्दा बढि गर्भवति हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन । उक्त सम्बन्धमा स्वास्थ्य संस्थाको, निजको कागजात समेत सम्बन्धितको तर्फबाट पेश गर्नु पर्दछ ।

(२) नियम ६(१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन् ।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :-** दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं. अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित एवं वडा समितिको निर्णय

सहितको सिफारिसको आधारमा नगर प्रमुखले अधिकतम रू.पाँच हजार सम्मको खर्च रकम आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**८. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता :-** (१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको पालनपोषणको लागि सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसको आधारमा नगर प्रमुखले अधिकतम रू.पाँच हजार सम्मको खर्च रकम आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहितको आवश्यक कागजातहरु संलग्न गरी नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

# परिच्छेद- ३

# विविध

**९. विपन्न सहायता कोष :-** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं राहत, उद्धार तथा पुर्नस्थापना सम्बन्धी कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि प्रथम नगरसभाबाट पारित गरेको बजेट तथा कार्यक्रम, विनियोजन ऐन, २०७४ द्धारा विनियोजित रकमको आधारमा यस नगरपालिकामा विपन्न सहायता कोषको स्थापना गरिनेछ ।

(२) उक्त कोषमा देहायको रकम जम्मा गरिनेछ :-

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट उक्त कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य आर्थिक सहायता वा सो संग सम्बन्धित कार्यको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) यस कोषमा प्रथम नगरसभाबाथ पारित बजेट तथा कार्यक्रम एवं विनियोजन ऐन, २०७४ बमोजिम हाल सात लाख रकम व्यवस्था गरी कोष स्थापना यसै कार्यविधि बमोजिम गरिएको छ । यस कोषबाट रकम उपयोगमा ल्याउँदा रकम घट्ने हुँदा त्यसरी घटेको रकम क्रमिक रुपले नगर सभाबाट पुनः थप गरी कोष पूर्ति गर्दै लगिनेछ ।

(४) यस कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम उपयोगमा ल्याईनेछ ।

(५) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । यस कार्यविधि बमोजिम निर्णय अनुसारको खर्च विलको भूक्तानी सम्बन्धित संस्था, निकाय वा व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

**१०. सञ्चालक समिति सम्बन्धी व्यवस्था :**

(क) यस कोषको रकम सदुपयोग एवं सुसंचालन गर्नको लागि देहाय बमोजिमको संचालक समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| न्यायिक समितिको तर्फबाट एक जना सदस्य प्रतिनिधि | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| नगर प्रमुखले मनोनयन गरेको एक जना कार्यपालिकाको महिला सदस्य | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(ख) माथि १०(क) बमोजिम गठित संचालक समितिले उपलब्ध रकमको अवस्था, विपन्न सहायता गर्न सकिने सीमा, सर्वसाधारणमा परेको असर, आगामी दिनको भूमिका लगाएत कोष संचालन संग सम्बन्धित विषयमा आन्तरिक विधि प्रकृया निर्धारण, विश्लेषण, अनुशरण एवं कार्यपालिकामा पृष्ठपोषण उपलब्ध गराउनु पर्नेछ ।

(ग) माथि १०(क) बमोजिमको संचालक समितिकोबैठक आवश्यकता अनुसार बस्नेछ । समितिको सेवा सुविधा यस अघि कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम विनियोजन ऐन, २०७४को परिधि भित्र हुनेछ ।

**११. विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाका व्यक्तिको पहिचान :**

(क) नगरपालिकाले आफ्नो क्षेत्रभित्र विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाका व्यक्तिको पहिचान गर्न तथ्याङ्क संकलन गर्न सक्नेछ र त्यस्ता व्यक्तिको लागि छुट्टै परिचयपत्र वा नेपाल सरकारले जारी गरेको प्रमाणपत्रलाई आधार लिन सक्नेछ ।

(ख) माथि ११(क) बमोजिमको अवस्था नभएसम्म सम्बन्धित वडा अध्यक्ष वा सिफारिशकर्ताले विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाको व्यक्ति भनी पहिचान सहितको सिफारिसलाई आधार मान्न सक्नेछ ।

(ग) माथि ११(क) र (ख) का व्यक्तिलाई लालबन्दी नगरपालिकाले आवश्यक सहयोग गर्नु कर्तव्यको रुपमा सम्झिन सक्नेछ ।

(घ) माथि ११(ग) बमोजिमका अर्थात यस कार्यविधिको नियम ३,४,५,६,७ र ८ बमोजिमका व्यक्तीलाई यथासक्य सहयोग गर्ने क्रममा नगर प्रमुखले रु. पाँच हजार, नियम १० बमोजिमको संचालक समितिले रु.दश हजार सम्म र सो भन्दा माथिको खर्चको रकम कार्यपालिकाको निर्णयबाट भूक्तानी दिईनेछ ।

(ङ) माथि ११(घ) बमोजिम विल भूक्तानीको सिफारिसको छुट्टै अभिलेख आर्थिक प्रशासन शाखामा राखिने र सो को सम्बन्धमा सम्बन्धित व्यक्तिको तीन पुस्ते विवरण सहित सार्वजनिकीकरण गरिने छ ।

(च) सामान्यत : एकै आर्थिक वर्ष भित्र एकपटक विलको भूक्तानी दिइएको व्यक्तिलाई अर्को सिफारिस गरिने छैन । साथै, कुनै पनि व्यक्ति वा संस्थालाई पेश्कि नगद वा चेक रकम वा सोभ्कै रकम उपलब्ध गराईने छैन।

(छ) माथि ११(घ) बमोजिम विपन्न सहायता उपलब्ध गराउँदा आवश्यकता, मानवियता, मितव्ययिता, औचित्य आदिलाई समेत मध्यनगर राखी मन, वचन र कर्मले कर्तव्यनिष्ठ भै कार्य सम्पादन गर्नु पर्नेछ।

(ज) माथि ११(घ) बमोजिमको रकम यस नगरपालिका भित्रका विपन्न व्यक्तिलाई न्यूनतम गाँस, वास र कपासको लागि आधाभूत सामाग्री उपलब्ध गराउने, न्यूनतम औषधि उपचारको व्यवस्था मिलाउने, सामाजिक विमा वापतको प्रिमियम भूक्तानी दिने, औषधि उपचारका लागि परिवहनको व्यवस्था मिलाउने, उद्धारात्मक कृयाकलाप संचालन गराउने प्रकृतिका मानविय कार्य गर्नका लागि पनि उपयोगमा ल्याउन सकिनेछ ।

**१२. बाधा अडकाउ फुकाउ आदेश :**

(क) यस कार्यविधि कार्यान्वयन गन, केही बाधा अडकाउ फुकाउन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्नेछ ।

(ख) यस सम्बन्धी कुनै विषयमा विवाद आएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

**१३. कार्यविधिमा थपघट, परिमार्जन, शंसोधन एवं खारेजी :**

(क) यस कार्यविधिमा कुनै विषय थपघट, परिमार्जन, संशोधन एवं खारेजी गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित हुनेछ ।

(ख) अन्य कुनै कानूनसंग यस कार्यविधि बाभिmएमा बाभिmएको हदसम्म कार्यान्वयनमा ल्याईने छैन ।

## अनुसूचि - १

### (खण्ड ११ संग सम्बन्धित)

श्रीमान् नगर प्रमुखज्यू, मिति :

लालबन्दी नगरपालिका ।

**<u>बिषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।</u>**

महोदय,

प्रस्तुत विषयमा म/हामी....................................रोगले ग्रसित भई .............................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**<u>तपसिल</u>**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. ..........................................................................
५. ..........................................................................

**<u>निवेदक</u>**

| क्र.सं. | नाम, थर | ठेगाना | वावु | वाजे | दस्तखत | कैफियत/सम्पर्क नं |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूचि - १(क)**

**(खण्ड ११ संग सम्बन्धित)**

श्रीमान् वडा अध्यक्षज्यू, मिति :

..... नं. वडा कार्यालय, लालबन्दी नगरपालिका

**<u>बिषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।</u>**

महोदय,

प्रस्तुत विषयमा म/हामी....................................रोगले ग्रसित भई ..............................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**<u>तपसिल</u>**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. ........................................................................
५. ........................................................................

**<u>निवेदक</u>**

| क.सं. | नाम, थर | ठेगाना | वावु | वाजे | दस्तखत | कैफियत/सम्पर्क नं |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*नोट : न्यायिक समितिमा निवेदन पेश गर्दा संयोजकलाई सम्बोधन गरी व्यहोरा प्रष्ट उल्लेख गर्नुपर्नेछ ।*

## अनुसूचि - १ (ख)

### (खण्ड ११ संग सम्बन्धित)

श्रीमान् संयोजकज्यू

न्यायिक समिति, मिति :

लालबन्दी नगरपालिका ।

**<u>बिषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।</u>**

महोदय,

प्रस्तुत विषयमा म/हामी.............................................भएको/...............................व्यक्ति ............................भएको व्यहोरा अवगत गराउँदछु/छौं । ............................को आर्थिक अवस्था नाजुक भएको, तत्काल ...........................................गर्न जरुरी रहेकोले .....................को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई ...........................................समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**<u>तपसिल</u>**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. .........................................................................
५. .........................................................................

**<u>निवेदक</u>**

| क्र.सं. | नाम, थर | ठेगाना | वावु | वाजे | दस्तखत | कैफियत/सम्पर्क नं |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |